"कृषि, पर्यटन, पूर्वाधार र रोजगारी : समृद्ध चिङ्गाड हाम्रो जिम्मेवारी"

# चिङ्गाड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अपलचिङ्ग,सुर्खेत,कर्णाली प्रदेश, नेपाल

पत्र सं:२०८०/०८१
च.नं.:

मिति:२०८०/०७/१८

चिङ्गाड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अवलचिङ्ग, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३

## विज्ञप्ती !!!

जाजरकोट जिल्लाको बारेकोट गाउँपालिकाको रामिडाँडा केन्द्रविन्दु भई मिति २०८० साल कार्तिक १७ गते शुक्रबार राती ११.४७ बजे गएको ६.४ रेक्टर स्केलको भूकम्पको कारण कर्णाली प्रदेश अन्तर्गत जाजरकोट र रुकुम पश्चिम लगाएत जिल्लामा भएको भौतिक तथा मानविय क्षतिले अत्यन्त दुखित तुल्याएको छ । यस चिङ्गाड गाउँपालिका पनि जाजरकोट जिल्ला सँगै जोडिएकोले यहाँ पनि भूकम्पले क्षति हुनेसक्ने अवस्थालाई मध्यनजर गर्दै यस पालिकाका सम्पूर्ण जनप्रतिनिधि तथा वडा कार्यालय, प्रहरी चौकीमा तत्काल भएको क्षतिको यथार्थ विवरण संकलन सँगै भूकम्प प्रभावित भू-भागमा पिडीतको तत्काल खोजी गरि उद्धार गर्न र स्वास्थ्य उपचार र राहतको व्यवस्थापनको लागि सम्पूर्ण सरोकारवाला निकायहरुलाई आवश्यक समन्वय सहकार्य गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं । दुःखको यस घडिमा नलगाड नगरपालिका जाजरकोटकी उप-प्रमुख सरिता सिंह ज्यू सहित दिवंगतहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा समवेदना प्रकट गर्दछौं । घाइतेहरुमा सिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

**साथै चिङ्गाड गाउँपालिकाको विपद कोषबाट रु ४,००००० ।- (चार लाख) बराबरको राहत सामाग्रीहरु (चामल, दाल, नून, तेल, बलाङ्केट, पिउस,साबुन) तत्काल सहयोग गर्ने र स्वास्थ्यकर्मीको अभाव भएमा ६ जना स्वास्थ्यकर्मीहरु स्वास्थ्य उपचारमा खटाउने निर्णय भएको जानकारी गराइन्छ ।**

२०८०/०७/१८

.............
बोध बिक्रम जि.सी.
अध्यक्ष

बोधबिक्रम जि.सी.
अध्यक्ष